फो.नं. ०२३५४५८००

# विर्तामोड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

## विर्तामोड,झापा

१ नं. प्रदेश,नेपाल

प.सं. ०७७/७८

च.नं. ०८६

मितिः२०७७/०९/०२

विषयः प्रस्तावना पेश गर्ने सम्वन्धमा।

**श्री सबै सामुदायिक विद्यालय**

**विर्तामोड नगरपालिका,झापा।**

प्रस्तुत विषयमा आ.व. २०७७/७८ को विर्तामोड नगरपालिकाको ससर्त तर्फको स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. १.७.१३.१३ मा रहेको विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षक अन्तरगत तपसिल बमोजिमका कार्यक्रमहरु माग गर्न प्रस्तावना पत्र सहित देहायका कागजातहरु संलग्न राखी मिति २०७७/०९/२० गते भित्र यस शाखामा पेश गर्नु हुन अनुरोध छ।

| क्र.सं. | कार्यक्रमको नाम | कोटा संख्या | प्रति कोटा रकम |
|---|---|---|---|
| १ | विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | ४ | ५०,०००/- |
| २ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) | ३ | ६५,०००/- |
| ३ | गणित,विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित अनुदान(आधारभूत तह कक्षा ६-८ का लागि मात्र) | ३ | ५०,०००/- |
| ४ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला | २ | ६,५०,०००/- |
| ५ | शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्यूटर, इन्टरनेट कनेक्टीभिटी इक्यूप्मेन्ट तथा Kits खरिद) | २ | ६,५०,०००/- |
| ६ | नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान(नमूना विद्यालयको हकमा मात्र) | १ | ५०,००,०००/- |

**आवश्यक कागजातहरु**

क) माग गर्ने विद्यालयले कार्यक्रमगत रुपमा अलग अलग प्रस्तावनापत्र पेश गर्नु पर्ने .

ख) कार्यक्रम संचालनको प्रतिवद्दता सहित वि.व्य.सको निर्णयको प्रतिलिपी।

ग) कार्यसम्पादनमा आधारित अनुदानको हकमा विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्यसम्पादन मूल्याङ्कन सूचकमा उल्लेखित विवरणहरु भेरेर प्रमाणित गरी पेश गर्नु पर्नेछ।

घ) नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको अनुदान नमूना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्यक्रममा आधारित भै प्रस्तावना निर्माण गर्नु पर्नेछ।

ङ) प्रस्तावनापत्र निर्माण गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम पुस्तिकाको पाना नं. ३६-४० मा उल्लेख भएको कुराहरु लाई समेत आधार वनाइ तयार गर्नु पर्नेछ।

च) विद्यालयले विभिन्न निर्देशिकाहरु डाउनलोड गर्नु परेमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइट www.doe.gov.np मा उपलब्ध छ।

छ) यो सूचना विर्तामोड नगरपालिकाको वेवसाइट www.birtamodmun.gov.np मा उपलब्ध छ।

२०७७/०९/०२

त्रिलोचन भण्डारी

उपसचिव

Scanned with CamScanner